# राष्ट्रिय आँखा स्वास्थ्य रणनीति (२०७९-२०८६)

स्वीकृत मिति २०७९/.../...

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाहपथ, काठमाडौं

# विषयसूची


१. पृष्ठभूमि.......................................................................................... ३

२. समस्या ,चुनौती र अवसर........................................................................ ४

३. दीर्घकालीन सोच ....................................................................................५

४.  लक्ष्य....................................................................................................५

५. उद्देश्यहरु..............................................................................................५

६. उद्देश्य, रणनीति तथा कार्यनीति ...........................................................६

७. वित्तिय स्रोत ....................................................................................... ११

८ .अनुगमन तथा मूल्याङ्कन.................................................................... ११

९. जोखिम विश्लेषण .............................................................................. ११

१०. विविध ............................................................................................ ११

## १. पृष्ठभूमि

नेपालको संविधानले नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको आधारभूत स्वास्थ्य सेवाभित्र आँखा स्वास्थ्य सेवालाई राष्ट्रिय स्वास्थ्य नीति २०७६र पन्ध्रौं योजनाले प्राथमिकतामा राखेको छ भने जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसुची १ मा समेत समेटेको छ।

आँखा स्वास्थ्यको क्षेत्रमा सार्वजनिक निजि साझेदारी र बहु क्षेत्रीय समन्वय मार्फत आँखा स्वास्थ्य सेवाको विकास र विस्तार हुँदै आएको छ। फलस्वरूप ट्रकोमा रोगको निवारणका साथै अन्धोपन न्यूनीकरणमा उल्लेखनीय सफलता हासिल भएको छ। त्यसैगरी स्वदेशमै इन्ट्राअकुलर लेन्सको उत्पादन र निर्यात हुन थालेको छ।

उच्च तथा मध्यम स्तरको आँखा उपचार सेवाको विस्तारमा उल्लेखनीय प्रगति भए पनि प्राथमिक आँखा उपचार सेवाका क्षेत्रमा अझै पनि अपेक्षाकृत प्रगति हुन सकेको छैन। सरकारको लगानी वृद्धि गर्दै आँखा स्वास्थ्य सेवालाई मूल-प्रवाहिकरण गर्न आवश्यक छ। मधुमेह, उच्च रक्तचाप जस्ता नसर्ने खालका रोगहरुका कारण हुने अन्धोपनका साथै जलबिन्दु, रेटिना सम्बन्धी समस्याहरु क्रमस वृद्धि हुदै गैरहेको अवस्थामा बिशेष रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ। आँखा स्वास्थ्य सेवामा हुने विकास तथा सर्वव्यापी पहुँचले दिगो बिकासका लक्ष्य प्राप्त गर्न सघाउ पुग्दछ।

उल्लेखित संबैधानिक तथा नीतिगत व्यवस्थाका साथै अपाङ्गता सम्वन्धी अन्तराष्ट्रिय महासन्धिको मर्मलाई समेत दृस्टीगत गरी सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी हालसम्म प्राप्त भएका उपलब्धिहरु कायम गर्दै वर्तमान समस्या र चुनौतीहरूलाई सम्बोधन गर्न “राष्ट्रिय आँखा स्वास्थ्य रणनीति लागू गरिएको छ।

## २. समस्या ,चुनौती र अवसर

दुर्गम क्षेत्रका अधिकांश स्थानहरुमा आँखा उपचार सेवाको पहूँच पर्याप्त नहुनु विशिष्टकृत आँखा स्वास्थ्य उपचार केन्द्रित सेवा जस्तै मोति बिन्दु, दृष्टिदोष उपचार गर्ने अस्पतालहरुको मात्र विस्तार हुनु, आवश्यकता अनुसार उपलब्ध आँखा स्वास्थ्य जनशक्तिको समतामुलक वितरण हुन नसक्नु, अनुसन्धानबाट प्राप्त तथ्यहरू नीति तथा योजना लगायतका निर्णय प्रक्रियामा प्रयोग कम हुनु, एकीकृत स्वास्थ्य ब्यबस्थापन सूचना प्रणालीमा आँखा स्वास्थ्य सेवा सम्बन्धी सुचनाहरू नसमेटिनु जस्ता समस्याहरू छन्।

आँखा स्वास्थ्य सेवामा सरकारी लगानी वृद्धि गर्दै सेवाग्राही मैत्री गुणस्तरीय सेवा सुनिश्चित गर्नु र देशभरी सञ्चालित सेवाहरूको प्रभावकारी नियमन गर्नु चुनौतीपूर्ण छ। आँखा स्वास्थ्य सेवामा सार्वजनिक, निजी साझेदारीको अवधारणालाई प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त संयन्त्रको विकास गर्नु, , आँखा स्वास्थ्य सेवामा गुणस्तर सुधारका लागि अनुगमन प्रणाली सुदृढ गर्नु र न्यूनदृष्टि एवं दृष्टिविहिनहरुलाई समुदायमा आधारित दृष्टि पुर्नस्थापना सेवामा पहुँच सुनिश्चित गर्नुपर्ने जस्ता चुनौतीहरू रहेका छन्।

जनस्वास्थ्य सेवा नियमावली, २०७७ ले आधारभूत स्वास्थ्य सेवाको सुचीमा आँखा स्वास्थ्य सेवालाई समेत समेटेको अवस्थामा संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय र सहकार्य मार्फत आँखा स्वास्थ्य सेवालाई मूल-प्रवाहिकरण गरी सेवाको सञ्जाललाई वडा स्तरसम्म विस्तार गर्न सकिने अवस्था छ।

## ३. दीर्घकालीन सोच

"स्वस्थ आँखा, सुन्दर समाज"

## ४. लक्ष्य

गुणस्तरीय आँखा स्वास्थ्य सेवामा नागरिकको समतामूलक र सर्वसुलभ पहुँच सुनिश्चित गर्ने।

## ५. उद्देश्यहरु

१) आँखा स्वास्थ्य सेवालाई मूल स्वास्थ्य सेवासँग एकीकृत गर्दै सेवाको पहुँच समुदायस्तर सम्म विस्तार गर्नु।

२) सरकारको नेतृत्वदायी भूमिका मार्फत आँखा स्वास्थ्य सेवालाई थप गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउनु।

३) जनसहभागिता मार्फत प्रबर्द्धनात्मक, प्रतिकारात्मकपुनर्स्थापनात्मक आँखा स्वास्थ सेवालाई कोही पनि नछुटुन भन्ने अवधारणा अनुरूप समुदायस्तर सम्म पुर्याउनु।

## ६. उद्देश्य, रणनीति तथा कार्यनीति

| उद्देश्य | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| १.आँखा स्वास्थ्य सेवालाई मूल स्वास्थ्य सेवासँग एकीकृत गर्दै सेवाको पहुँच समुदायस्तर सम्म विस्तार गर्नु। | १.१ आधारभूत स्वास्थ्य सेवामा सुचीकृत भएको आँखा सम्बन्धी प्राथमिक सेवालाई स्थानीय तहका स्वास्थ्य संस्था मार्फत सेवा प्रवाह गर्ने।<br><br>१.२ संघ र प्रदेशको समन्वय तथा सहकार्यमा आँखा स्वास्थ्यको विशेषज्ञ र विशिष्टिकृत स्वास्थ्य सेवाको विकास र विस्तार गर्ने। | क) स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीलाई प्राथमिक आँखा सेवा सम्बन्धि तालिम उपलब्ध गराई सेवा प्रवाहका लागि आवश्यक व्यवस्था गरिनेछ।<br>ख) आधारभूत अस्पतालमा नेत्र सहायक (Ophthalmic Assistant) दरबन्दी सृजना गरी क्रमशः सेवा प्रवाह गरिनेछ।<br>ग) २५ देखि ५० शैय्यासम्मका जनरल अस्पतालहरुमा अप्टोमेट्रिस्ट (Optometrist) को दरबन्दी सृजना गरी दृष्टि दोष, न्युनदृष्टि, आँखा सहायकक सामग्री लगायतका सेवा प्रवाह गरिनेछ।<br>घ) १०० शैय्या र सो भन्दा माथिका अस्पतालहरुबाट विशेषज्ञ र विशिष्टिकृत सेवाका लागि आवश्यक दरबन्दी सृजना/थप गरी सेवा प्रवाहका लागि आवश्यक व्यवस्था गरिनेछ।<br>ङ) देशभरका आँखा स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको सञ्जाललाई थप व्यवस्थित र प्रभावकारी बनाउन सम्बन्धित सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरिनेछ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| २.सरकारको नेतृत्वदायी भूमिका मार्फत आँखा स्वास्थ्य सेवालाई थप गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउनु। | २.१ आँखा स्वास्थ्य सेवाको मापदण्ड, गुणस्तर, अनुगमन तथा नियमनका लागि संस्थागत संरचना निर्माण गर्ने।<br><br>२.२ आँखा स्वास्थ्य सेवा प्रवाहमा गैर-सरकारी एवं निजी क्षेत्रको योगदानलाई साझेदारी मार्फत थप प्रभावकारी बनाउने। | क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत उच्चस्तरीय आँखा स्वास्थ्य समिति गठन गरी नीति, योजना तथा अनुगमन महाशाखालाई राष्ट्रिय सम्पर्क विन्दु तोकिनेछ।<br>ख) आँखा स्वास्थ सेवामा सरकारको लगानी क्रमशः वृद्धि गरिनेछ।<br>ग) विशिष्टिकृत र विशेषज्ञ आँखा सेवालाई स्वास्थ्य बीमामार्फत सेवा प्रदान गरिनेछ।<br>घ) गुणस्तरीय आँखा स्वास्थ्य सेवा सुनिश्चित गर्न अनुगमन तथा नियमनसँग सम्बन्धित आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि विकास गरी कार्यान्वयन गरिनेछ।<br>ङ) सरकारी, गैर-सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट सञ्चालित आँखा स्वास्थ्य सेवाको अभिलेख र प्रतिवेदनहरुलाई स्वास्थ्य ब्यबस्थापन सूचना प्रणालीमा एकीकृत गरिनेछ।<br>च) भूगोल र जनसंख्याको आधारमा आँखा स्वास्थ्य सेवाको पहुँच अभिबृद्धि गर्न गैर-सरकारी एवं निजी क्षेत्रसँग साझेदारी गरिनेछ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| ३.जनसहभागिता मार्फत प्रबर्द्धनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक आँखा स्वास्थ सेवालाई कोही पनि नछुटुन भन्ने अवधारणा अनुरूप समुदायस्तर सम्म पुर्याउनु। | ३.१ आँखा स्वास्थ्य सेवालाई बिद्यालय स्वास्थ्य कार्यक्रममा समावेश गर्ने।<br><br>३.२ ज्येष्ठ नागरिक, न्यूनदृष्टि र दृष्टिविहिन व्यक्ति लक्षित विशेष कार्यक्रमहरू सञ्चालन गर्ने।<br><br>३.३ आँखा स्वास्थ्यसम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने। | क) बिद्यालयमा हरेक वर्ष दृष्टि परिक्षण गरिनेछ।<br>ख) न्यूनदृष्टि र दृष्टिविहिन व्यक्ति लक्षित जीवन सहयोगी कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>ग) ज्येष्ठ नागरिकको नियमित आँखा स्वास्थ्य परीक्षण गरी आवश्यक उपचारको व्यवस्था गरिनेछ।<br>घ) स्थानिय तहका स्वास्थ्य शाखा/महाशाखा/ बिभाग मार्फत आँखाको हेरचाह, नियमित परीक्षण, उपचार, आँखा दान लगायतका बिषयमा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। |

## ७. वित्तिय स्रोत

हाल सम्म आँखा स्वास्थ्य सम्बन्धी सेवा मूलत वैदेशिक अनुदान तथा गैर-सरकारी क्षेत्रद्वारा संचालन भईरहेकोछ। यो रणनीति कार्यान्वयन भएपश्चात सङ्घ, , प्रदेश र स्थानीय सरकारले क्रमशः लगानी बृद्धि गर्दै बहुक्षेत्रीय समन्वय, सहकार्य र साझेदारी मार्फत वित्तिय स्रोत सुनिश्चित गरिनेछ।

## ८ .अनुगमन तथा मूल्याङ्कन

आँखा स्वास्थ्य रणनीतिको कार्यान्वयन निकायहरुको कार्यसम्पादनमा सुधार ल्याउने उद्देश्यले सेवा तथा कार्य प्रगतिको अनुगमन गर्न आँखा उपचार कार्यक्रमको सम्पादन स्थिति, प्राप्त उपलब्धी तथा सेवाको गुणस्तर सुनिश्चिताको मापन गर्नका लागि चुस्त र प्रभावकारी संयन्त्र कार्यान्वयनमा ल्याइनेछ। यसकालागि राष्ट्रिय स्वास्थ्य नीति अनुकुल हुने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नेछ।

## ९. जोखिम विश्लेषण

यस रणनीति कार्यान्वयन गर्दा आउन सक्ने संम्भावित जोखिम निम्न बमोजिम हुने छन्ः

क) आँखा स्वास्थ्य प्रदायकहरुको समन्वयात्मक सहयोग मार्फत मात्र आँखा स्वास्थ्य सेवालाई राष्ट्रिय स्वास्थ्य प्रणालीमा आवद्ध गरी संचालन गर्न सकिने।

ख) आँखा स्वास्थ्य सेवामा समतामुलक पहुँचका साथै गुणस्तरीय सेवा प्रदान गर्न तथा राष्ट्रिय स्वास्थ्य नीति २०७६ र योरणनीति कार्यान्वयनको लागि आर्थिक दायित्व थपिने देखिन्छ।

## १०. विविध

यो रणनीति कार्यान्वयन लगायत आँखा स्वास्थ्य सम्बन्धी दिशा निर्देश गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आँखा स्वास्थ्य सम्बन्धी उच्चस्तरीय समिति गठन गरिनेछ। प्रदेश तथा स्थानीय तहले आवश्यकता अनुसार समितिहरू गठन गर्न सक्नेछन्। यो रणनीतिको कार्यान्वयनको लागि समयवद्ध लागत अनुमान सहितको कार्ययोजना तर्जुमा गरी लागू गरिनेछ।